नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख २९ गते २०२१ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

न्याय प्रशासन (विविध व्यवस्था) ऐन २०१८ को दफा ३ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले निम्न जिल्ला अदालतहरूका हक्मा निम्न अनुसार निर्णय गरेको छः-

(१) म्यागलुङ्ग जिल्ला अदालतलाई मेची जिल्ला अदालतमा परिणत गरी सो जिल्ला अदालतको सदर मुकाम इलाम तोकी सो जिल्ला अदालतको कार्यक्षेत्रभित्र निम्न इलाका अदालतहरूलाई समावेश गरिएको छः-

(क) ताप्लेजुङ्ग इलाका अदालत,

(ख) फिदिम इलाका अदालत,

(ग) इलाम इलाका अदालत,

(घ) झापा इलाका अदालत।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धरान जिल्ला अदालतको सदर मुकाम धरान तोकी सो जिल्ला अदालतको कार्य क्षेत्र-भित्र निम्न इलाका अदालतहरूलाई समावेश गरिएको छः—

(क) विराटनगर इलाका अदालत,

(ख) धनकुटा इलाका अदालत,

(ग) म्यागलुङ्ग इलाका अदालत,

(घ) चैनपुर इलाका अदालत ।

आज्ञाले—
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सह-सचिव ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।